# जिल्ला समन्वय समितिको कार्यालय

## ववरमहल, काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०७७ माघ, फागुन र चैत्रमा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०७८, बैशाख

# स्वत प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्नेक्रममा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंले आ.व. २०७७/०७८ को पहिलो त्रैमासिक (कात्तिक, मंसिर र पौष) महिनामा सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरेको छ ।

जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## विषयसूची


| | | |
|---|---|---|
| १. | जि.स.स.को स्वरुप र प्रकृति | ४ |
| २. | जि.स.स.को काम, कर्तव्य र अधिकार | ४ |
| ३. | जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण | ५ |
| ४. | जि.स.स.बाट प्रदान गरिने सेवा | ६ |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख | ६ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ७. | निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| ९. | सम्पादन गरेको कामको विवरण | ६ |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | ९ |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ९ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ९ |
| १३. | तोकिए बमोजिमका अन्य विवरण | १० |
| १४. | अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु | १० |
| १५. | सार्वजनिक निकायको वेभसाइट | ११ |
| १६. | सूचना परियोजनामाप्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण | ११ |
| १७. | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन | ११ |
| १८. | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | १२ |
| १९. | सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय | १२ |
| २०. | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण | १२ |

# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

काठमाडौ, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

**<u>आ.व. २०७६/०७७ (२०७७ माघ देखि चैत्र मसान्तसम्मको)</u>**

## १. जि.स.स.को स्वरुप र प्रकृति

निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने जिल्ला समन्वय समिति कार्यालय हो । जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्ला भित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था छ । काठमाडौं जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

काठमाडौं जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमति रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जि.स.स. ले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि.श्रेणी) को नेतृत्वमा निजामती तथा स्थानीय तह तर्फका कर्मचारीहरु कार्यरत रहेका छन् ।

नेपालको संविधानको धारा  २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था भई संविधानको धारा २२०(७) र  स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जि.स.स.ले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जि.स.स.को काम, कर्तव्य र अधिकार

देहाय वमोजिमका कार्यहरु यस्को कार्यक्षेत्र भित्र पर्दछन् ।

<u>(क)नेपालकोसंविधानको धारा २२० अनुसारका कार्यहरु</u>:

- जिल्लाभित्रकागाउँपालिकारनगरपालिकाबीचसमन्वयगर्ने,
- विकासतथानिर्माणसम्बन्धीकार्यमासन्तुलनकायमगर्नसोकोअनुगमनगर्ने,
- जिल्लामारहनेसंघीयरप्रदेशसरकारीकार्यालयरगाउँपालिकारनगरपालिकाबीचसमन्वयगर्ने,
- प्रदेशकानूनबमोजिमकाअन्यकार्यहरूगर्ने।तथास्थानीयसरकारसंचालनऐन, २०७४वमोजिमजिल्लासमन्वयसमितिलेगर्नुपर्नेकार्यहरुनिम्नानुसाररहेकाछन्।

**<u>(ख) स्थानीयसरकारसंचालनऐन २०७४ अनुसारका कार्यहरु</u>**

स्थानीयसरकारसंचालनऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने उल्लेखछ।

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय

सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद(सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

## ३. जि.स.स.माहाल कार्यरत कर्मचारीहरुको विवरण

निजामती सेवा तर्फ

| सि नं | श्रेणी/तह | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | रा.प. द्वितीय | जिल्ला समन्वय अधिकारी श्री पीताम्वर अधिकारी | कार्यालय प्रमुख |
| २ | रा.प. तृतीय | शाखा अधिकृत श्री मधु अर्याल (खनाल) | प्रशासन, योजना, राजश्व |
| ३ | रा.प. अनप्रथम | श्री बर्दि अधिकारी | प्रशासन |
| ४ | रा.प.अनं. प्रथम | लेखापाल श्री शारदा कोईराला | लेखा |
| ५ | रा.प.अनं.द्वितीय | खरिदार श्री नारायण खत्री | जिन्सी, दर्ता चलानी |

करार तह तर्फ

| सि नं | श्रेणी/तह | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | समन्वयकर्ता | श्री सुमिना शर्मा | गरीवसंग विशेश्वर कार्यक्रम |
| २ | स्वक्य सचिव साहायक स्तर पाचौ | श्री कृष्ण श्रेष्ट | प्रमुखज्यूको सचिवालय |
| २ | श्रेणी विहिन | सवारी चालक श्री कुमार खत्री | प्रमुखज्यूको सवारी |
| ३ | श्रेणी विहिन | सवारी चालक श्री भेष बहादुर खड्का | जि.स.अको सवारी |
| ४ | श्रेणी विहिन | सवारी चालक श्री बलराम श्रेष्ट | जि.स.स उपप्रमुखको सवारी |
| ५ | श्रेणी विहिन | कार्यालय सहयोगी श्री सरोज देउला | प्रशासन, लेखा |

| सि नं | श्रेणी/तह | पद | कार्यरत शाखा |
|---|---|---|---|
| ६ | श्रेणी विहिन | कार्यालय सहयोगी श्री सुनिता नेपाल | प्रमुखज्यूको सचिवालय |
| ७ | श्रेणी विहिन | कार्यालय सहयोगी श्री निलमाया देउला | प्रशासन |

## ४. जि.स.स.बाट प्रदान गरिने सेवा :

- वुँदा नं १ र २ मा उल्लेख भए वमोजिम र सो संग सम्वन्धित सवै प्रकारका सेवा उपलव्ध गराउने ।
- विभिन्न निकायहरु विच समन्वय र अनुगमन सम्वन्धी कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं | शाखा | शाखा प्रमुखको पद र नाम | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन, राजश्व, योजना, सूचना | शाखा अधिकृत श्री मधु अर्याल (खनाल) | |
| २ | प्रशासन / योजना | ना.सु, श्री बर्दि अधिकारी | |
| ३ | लेखा शाखा | लेखापाल श्री शारदा कोईराला | |
| ४ | गरीवसंग विशेश्वर कार्यक्रम | जिल्ला समन्वयकर्ता श्री सुमिना शर्मा | |
| ५ | प्रशासन/जिन्सी | खरिदार श्री नारायण खत्री | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

जि.स.स.वाट प्राप्त हुने सेवाहरुनिःशुल्क रुपमाप्राप्तहुनेगरेको ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- शाखासंग सम्वन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाटै हुनुपर्ने भनी तोकिएको कामहरु कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिको बैठकबाटहुने।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जि.स.स. प्रमुख
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्यव्यवहारवारे गुनासो सुन्ने अधिकारी : शाखा अधिकृत

## ९. सम्पादन गरेको कामको विवरण (२०७७ माघ देखि चैत्र मसान्तसम्मा)

### (क) विभिन्न शाखावाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु :

#### (१) प्रशासन शाखा मार्फत भएका कार्यहरु :

(क) कर्मचारी प्रशासन तथा व्यवस्थापन समबन्धी कार्य ।

(ख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतथा प्रदेश पूर्वाधार विकास साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधि नियमावलि २०७७ को अन्तर्गत आयोजनाहरुको छनौट गरी, सोमा जानकारी, संघीय मामिला तथा सामान्य प्रंशासन मन्त्रालय प्रदेश अन्तर्गत सरकारअन्तर्गतको.ले.नि.कापठाईएको । साथै उक्त आयोजनाहरु कार्यावयनका लागी सम्बन्धित स्थानीय तहमा पठाईएको।

(ग) Covid-19 को रोकथाम तथानियन्त्रणका लागी स्थानीय तह तथास्थानीयप्रशासनसंग समन्वय र सहजीकरण जस्ता कार्यहरुलाई निरन्तरता दिईएको।

(घ) जि.स.स. बोर्ड बैठकबाट, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त स्थानीय निकाय अन्तर्गत अनुदानमा प्राप्त बजेट तथाअख्तियारी अनुसार बजेट तथा कार्यक्रमको बाडफाँड एंव स्वीकृत गरी कार्यान्वयन गरीएको ।

(ङ) हाल काठमाण्डौं उपत्याकामा covid-19 को सक्रमणको न्यूनीकरण, रोकथाम र उपचार बढीरहेकोले सोको रोकथाम एवम् नियन्त्रणका लागि स्थानीय पालिकालाई थप सजगता अपनाउन अनुरोध गरिएको।

(च) जि.स.स मौज्दात कोषबाट स्थानीय तहमा संचालनमा रहेको प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण कार्यको स्थलगत अनुगमन तथा निरिक्षण गरिएको ।

(छ) ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विदी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले अनुगमन सम्बन्धी व्यवस्था गरी, नदीजन्य तथा खानीजन्य पर्दाथको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रकृयाको अनुगमन गर्न समिति गठन गरेको छ। उक्त समितिको मिति २०७७।१०।०७ गते, २०७७।१२।०५ गते, २०७७।१२।१० गते, र २०७७।१२।१२ मा गरी चार पल्ट बैठक बसी उपसमितिको समेत गठन गरी समिति र उपसमिति द्धारा जिल्लाका विभिन्न स्थानीय तहमा ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री, तथा व्यवस्थापन सम्बन्धी विषयमा अनुगमन गरेको छ।

(ज) मिति २०७७।१०।०६, २०७७।१०।१४, २०७७।१०।२७, २०७७।११।१२, २०७७।१२।०६, २०७७।१२।१७, २०७७।१२।३१ मा जि.स.स. काठमाण्डौंको बोर्ड बैठक बसेको बसी **निम्न** निर्णय गरेको छ ।

मिति २०७७।१०।०६ गते चन्द्रागिरि न.पा.को लागि १५ शैयाको अस्पताल निर्माण गर्न, जग्गा सिफारिस गर्न, २०७७।१०।१४ मा वार्षिक समिक्षा कार्यक्रम आयोजना गर्ने सम्बन्धमा, मिति २०७७।१०।२७ मा जिल्ला सभा सम्बन्धमा, मिति २०७७।११।१२ मा काठमाण्डौं जिल्लाको चौथौं जिल्ला सभामा पेश गर्ने विषयका सम्बन्धमा र लेखा परीक्षणबाट औल्याईएका बेरुजु फछ्र्यौट सम्बन्धी कार्यका लागि परामर्श सेवा लिने सम्बन्धमा, सूचना अभिलेखालयका लागि चाहिने प्रविधिक सेवा परामर्शबाट लिने सम्बन्धमा र अध्ययन अवलोकन भ्रमण सम्बन्धमा, २०७७।१२।०६ मा नगरपालिकाको स्वस्थय केन्द्रको स्तरोन्तीका लागि सिफारिस गर्ने सम्बन्धमा, बलम्बु क्षेत्रमा कम्पाउण्ड वाल निर्माण सम्बन्धमा, घरटहराको भाडा व्यवस्था सम्बन्धी, मिति २०७७।१२।१७ मा योजनाहरुको अनुगमन निरिक्षण सम्बन्धमा र

मिति २०७७।१२।३१ मा जि.स.स. कोषको रकम खर्च गर्ने सम्बन्धमा, वातावरण प्रभाव मूल्यांकन सम्बन्धमा, Covid 19 संक्रमण नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा बोर्ड बैठकको निर्णय भएको थियो ।

(झ) मिति २०७७।१०।०२ गते मौज्दात कोष उक्त काठमाण्डौं महानगरपालिकाको वडा नं. ३२ कोटेश्वर स्थित कोटदेवी खानेपानी आयोजना निर्माण गर्न आयोजनाको कुल लागत रु.४२,३३,९२०।- मा जि.स.स. मौज्दात कोषबाट लागत साझेदारीमा ७५% व्यहोर्ने गरी रकम रु.३१,७५,४४०।– कोषबाट उपलब्ध गराउने गरी उक्त आयोजना कार्यान्वयन गर्न पूर्व स्वीकृत प्रदान गर्ने ।

(ञ) मिति २०७७।१२।०६ गते गोकर्णेश्वर नगरपालिका वडा नं. २ स्थित खानेपानी आयोजनाका लागि कुल ठेक्का स्वीकृत रकम रु.६१,७८,७७५।२५ को ७५% प्रतिशतले हुन आउने रकम रु.४६,३४,०८१।४३ मात्र जि.स.स., काठमाण्डौंको मौज्दात कोषबाट उपलब्ध गराउने गरि उक्त आयोजना कार्यान्वयन गर्न पूर्व स्वीकृत प्रदान गर्ने ।

(ट) चिठ्ठी पत्र दर्ता चलानी :

दर्ता : **७८४**

चलानी : **३५६**

**(२) सूचना शाखाबाट सम्पादन भएका र हुँदै आएका कार्यहरु :**

- Websiteअद्यावधिक सम्वन्धी (www.ddcktm.gov.np) जि.स.स.का सवै गतिविधिहरु नियमित रुपमा अद्यावधिक भईरहेको ।
- Bulk SMSसम्वन्धी कार्य (३३२३४) : जि.स.स.ले आयोजना गर्ने कार्यक्रमहरुको लागि सरोकारवालाहरुलाई Bulk SMS मार्फत सूचना दिने गरिएको ।
- गत आ.व. २०७६/०७७ बाट सूचना प्रवाहका लागि सूचना अधिकारीको कार्य गर्दै आइरहेको ।
- राष्ट्रिय सूचना आयोगले संचालनमा ल्याएको स्वतः प्रकाशन व्यवस्थापन प्रणाली (PDMS) सम्वन्धी कार्यहरु सम्पादन गर्दै आएको र जि.स.स.को वेवसाईट www.ddcktm.gov.npअपडेट गर्न गरिएको ।
- कम्प्युटर सम्वन्धी अन्य कार्यहरु ।
- जि.स.स.बाट संचालन हुने सवै वैठक तथा कार्यक्रम व्यवस्थापनमा सहजीकरण ।
- जि.स.स.बाट सम्पादन हुने कार्यहरुमा सहजीकरण ।

**(३) सामाजिक विकास सम्वन्धी :**

- चालु आ.व.का तृतीय त्रैमासिक अवधिमा देहायको ४ वटा स>स्थाहरुको कार्यक्रमको समिक्षा गरी आगामी कार्यक्रमको पूर्वस्वीकृती उपलव्ध गराइएको ।

| क्र.स. | संस्थाको नाम | परियोजनाको नाम | दातृ संस्था | कुल बजेट रु |
|---|---|---|---|---|
| १ | नेपाल परिवार नियोजन संघ, (FPAN) काठमाडौं | अन्तराष्ट्रिय परिवार नियोजन महासंघ IPPF को Core Program, Advancing SRHR of Persons with Disability (PWD) project, JTF | Elrha-WRC | १,१६,४५७२८।०० |

| क.स. | संस्थाको नाम | परियोजनाको नाम | दातृ संस्था | कुल बजेट रु |
|---|---|---|---|---|
| | उपत्यका शाखा । | Enhancing availability and Women's Access to Interated SRH-HIV Services in Earthquake Affected Districts of Kathmandu, ACCESS UK Aid, Elrha-WRC, GCACI and JOICFP | | |
| २ | नेपाल सरोकार केन्द्र(ENPHO) | Enhancing Cholera Control in Nepal | Good Neighbors International Nepal (GNI Nepal) | ६०,६७,३३२।- |
| ३ | RHEST (रेष्ट) | | | |
| | | १.ग्रामीण स्वास्थय र शिक्षा सेवा गुठी (रेष्ट) | | ४,१७७,१६६/- |
| | | २.सोसियल डेब्लपमेन्ट ईनीसिएटिभ नेपाल | | २,२७२,७८०/- |
| | | ३.कुन्साङ्ग चोलिङ्ग ननरी | | २,४५६,७६०/- |
| | | ४.नेपाल नाजरेट सोसाईटी | | १,३५८,४४३/- |
| | | | | १०,२६५,१४९/- |
| | | | | २७,९७८,२०९।- |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

१. कार्यालय प्रमुख,जिल्ला समन्वय अधिकारी श्री पीताम्वर अधिकारी

२. सूचना अधिकारी शाखा अधिकृत श्री मधु अर्याल (खनाल)

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि ऐन, २०५५
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी (नियमावली २०७७)
- प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी (नियमावली २०७७)

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**केन्द्रीय वजेटतर्फ (कूल)**

जि.स.स. अनुदानतर्फ : छैन्

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फ प्रशासनिक खर्च : छैन्

मूख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यलय वागमती प्रदेश बाट प्रप्र बजेट तथा अख्त्यारी मार्फत प्राप्त : छैन्

प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फ प्रशासनिक तथा अनुगमन खर्च : छैन्

**२०७७ चैत्र मसान्तसम्मको खर्च :**

**केन्द्रीय वजेटतर्फ (कूल)**

जि.स.स. अनुदानतर्फ : कूल वजेट रु. ३६५००१०५३ - ७७,७३५००।९०

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फ प्रशासनिक खर्च :- छैन्

मूख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यलय वागमती प्रदेश बाट प्रप्र बजेट तथा अख्त्यारी मार्फत प्राप्त : ३०१०००११३ – ४,८९,०८९।-

गरिब संग विश्वेश्वर कार्यक्रम : कूल बजेट रु. ३३६००१०२३ – १,७१,०००।-

**जि.स.स.को आफ्नो स्वः आर्जनतर्फ :**

आम्दानी (घर/जग्गा भाडा, वालुवा ढुंगा अवैध ओसारपसार वापत जरिवाना वापत) रकम संकलन हुने गरेको ।

**१३. तोकिए बमोजिमका अन्य विवरण :**

- नेपाल सरकार र सम्वन्धित मन्त्रालय र विभागबाट प्राप्त परिपत्र, निर्देशन वमोजिमका कार्यहरु ।
- जिल्ला शिक्षा समिति, लघु उद्यमविकास समिति, लगतयका अन्य विभिन्न समितिहरुमा तोकिए वमोजिम अध्यक्षता एवं प्रतिनिधित्व हुने गरेको ।
- जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा सल्लाहाकार एंव सदस्यको रुपमा प्रतिनिघित्व हुनेगरेको ।

**१४. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू :**

- जिल्ला समन्वय समितिबाट गत आ.व. २०७६/०७७ मा सम्पादित कार्यहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) मा उल्लेख भए वमोजिमका पदाधिकारीहरुको उपस्थितिमो काठमाडौं जिल्लाका सवै स्थानीय तहहरुकोसम्पादन गरेकावार्षिक प्रगति समिक्षा कार्यक्रम **पहिलो चौमासिक** सम्पन्नगर्नुपरेमा कोभिड १९ को संक्रमणको कारण हुननसकेकोले दोर्सो चौमासिकमा उक्त समिक्षा कार्यक्रमको तय गरेको ।

१५. **सार्वजनिक निकायको वेबसाइट :**

www.facebook.com/helloDCCKTM

पैसा नलाग्ने टोल फ्रि नं. : १६६००११११११३

यस कार्यालयको वेवसाईट : www.ddcktm.gov.np

बिभिन्न जानकारीका लागि हेलो फेसबुकमा संचालनमा रहेको

www.facebook.com/helloDCCKTM

ईमेल: ddckathmandu@gmail.com, info@ddcktm.gov.np

१६. **सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण:**

यो अवधिमा कुनै सम्झौता नभएको ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन:**

- प्रत्येक महिनाको ७ गते जि.स.स. पदाधिकारीहरुको नियमित वैठक वस्ने गरेको र आवश्यकतानुसार समय समयमा वैठक वस्ने गरेको । (जि.स.स. वैठकका सवै निर्णयहरु वेवसाईट ddcktm.gov.np र फेसवुक पेज www.facebook.com/helloDCCKTM मा राखिएको) पहिलो त्रैमासिक अवधिमा ४ वटा जि.स.स. वैठक वसिएको ।
- जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७७ बमोजिम, मिति २०७७।०४।३० गते व्यवस्थापन समितिको बैठक बसी, वुढानिलकण्ठ नगरपालिकाको वडा.नं. ६, ८, र ९ को वडा कार्यालय भवन निर्माणका लागी नगरपालिकाले प्रस्ताव पेश गरे बमोजिम, जि.स.स. र नगरपालिकाको लागत साझेदारीमा भवन निर्माण आयोजना कार्यान्वयन गर्न पूर्व स्वीकृत दिईएको ।
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्दोशिका, २०७७ बमोजिम मिति २०७७।०६।०९ को व्यवस्थापन समितिको बैठकबाट टोखा नगरपालिकाको प्राशासकिय भवन, जि.स.सर न.पा.कोलागत साझेदारीमा कूल रकम रु. १२,६७,३२,२२९।७४ मा निर्माण गर्ने गरी जि.स.स. काठमाडौंको मौजाद कोषबाट कूल लागत रकमको ६०% (साढी प्रतिशत) रकम उपलब्ध गराउने गरी स्वीकृत प्रदान गरिएको ।
- सोही निर्णय अनुसार, नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि जि.स.स. र टोखा नगरपालिका बीच समझौता गरिएको ।
- जिल्ला समन्वय समितिको मौजाद कोष संचालन निर्देशिका २०७५, बमोजिम व्यवस्थापन समितिको मिति २०७७।६।११ को बैठकको निर्णयाअनुसार, नागार्जुन नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि जि.स.स. काठमाडौं र नगरपालिकाको लागत साझेदारीमा कूल रकम लागत रकम रु.१२,९२,४७,३५६।३० मा, र भवन निर्माण आयोजना कार्यानवयन गर्ने र कूल लागत रकमको ६०% जिल्ला समन्वय समितिको मौजाद कोषबाट उपलब्ध गराउने ।
- मिति २०७५ माघ १८ गते जिल्ला समन्वय समितिका प्रमुख एवं काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारी सहित जिल्लाको जिल्ला अनुगमन तथा समन्वय समिति र कागेश्वरी मनोहरा नगरपालिका विच छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा रहेका खानी तथा वासिङ्ग उद्योगहरुको स्थलगत अनुगमन गरिएको ।
- मिति २०७५ माघ २३ गते जिल्ला समन्वय समितिका प्रमुख एवं काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित जिल्लाको जिल्ला अनुगमन तथा समन्वय समिति र दक्षिणकाली नगरपालिका विच छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी दक्षिणकाली नगरपालिका क्षेत्रमा रहेका खानी तथा वासिङ्ग उद्योगहरुको स्थलगत अनुगमन गरिएको ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली:**

सबै सूचना खुल्ला रहेको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय:**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम लिखित रुपमा पहिलोत्रैमासिक अवधिमा कसैले पनि लिखित रुपमा सूचना मागनगरेको ।लिखित सूचना माग गर्नेहरुलाई तोकिएको समय भित्रै सूचना उपलव्ध गराउने गराईएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:**

जिल्ला समन्वय समितिका सवै गतिविधिहरुवेवसाईट र फेसवुकमार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको ।